# मिति २०७४ साल पौष ५ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

१. **कार्यपालिकाको विषयगत समिति गठन सम्बन्धमा** :- बकैया गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ मा व्यवस्था भए बमोजिम कार्यपालिकामा निर्णयको लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिन तथा कार्यपालिकाबाट स्विकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नका लागि देहाय बमोजिम समिति गठन गर्ने तथा समितिको सचिवालय तथा सचिवको कार्य सम्बन्धीत शाखाको प्रमुखले गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

(अ) संयोजक श्री इन्द्र बहादुर स्याङ्तान,

(आ) सदस्य श्री योगमाया विश्वकर्मा,

(इ) सदस्य श्री विरमान बल

(ई) **सचिव श्री सामान्य प्रशासन शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी**

**(ख) आर्थिक विकास समिति**

(अ) संयोजक श्री शेरमान घलान,

(आ) सदस्य श्री विष्णु भुजेल,

(इ) सदस्य श्री वुद्धीमान वाईवा

(ई) **सचिव श्री आर्थिक विकास शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी**

**(ग) सामाजिक विकास समिति**

(अ) संयोजक श्री सोम बहादुर तिमल्सीना,

(आ) सदस्य श्री निर्मला राई,

(इ) सदस्य श्री राम बहादुर मुक्तान

(ई) **सचिव श्री सामाजिक विकास शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी**

**(घ) पूर्वाधार विकास समिति**

(अ) संयोजक श्री राजन दंगाल,

(आ) सदस्य श्री लक्ष्मीमाया माझी,

(इ) सदस्य श्री टंक बहादुर लोप्चन

(ई) **सचिव श्री पूर्वाधार विकास शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी**

**(ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति**

(अ) संयोजक श्री फुल बहादुर भोम्जन,

(आ) सदस्य श्री विविमाया जिम्बा,

(इ) सदस्य श्री रामकाजी लामिछाने

(ई) **सचिव श्री योजना, अनुगमन तथा तथ्यांक शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी**

**(च) विधेयक समिति**

(अ) संयोजक श्री गोपाल बहादुर नेसुर,

(आ) सदस्य श्री रुपेन घले,

(इ) सदस्य श्री दिल बहादुर वोम्जन लामा

(ई) **सचिव श्री सामान्य प्रशासन शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी**

२. **कार्यालय तथा उपभोक्ता समितिको बैंक खाता सम्बन्धमा :-** बकैया गाउँ कार्यपालिकाको सरकारी खाता यस गाउँपालिका क्षेत्रमा रहेको एकमात्र बैंक सेन्चुरी बैंक हात्तिसुडेमा खोल्ने व्यवस्थाका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने तथा उपभोक्ता समितिहरुको खाता समेत सोही बैंकमा खोली कार्य सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

३. **योजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्बन्धमा :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को उपदफा १ बमोजिम बकैया गाउँपालिकामा सञ्चालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न उपाध्यक्ष श्री सरला बोलखे ज्यूको संयोजकत्वमा तपसिलको योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

(क) संयोजक श्री सरला बोलखे

(ख) सदस्य श्री लक्ष्मीमाया माझी

(ग) सदस्य श्री विविमाया जिम्बा

(घ) सदस्य श्री सम्बन्धीत वडाको वडाध्यक्ष

(ङ) सदस्य सचिव श्री प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी

४. **जाँचपास तथा फरफारक समिति गठन सम्बन्धमा :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को उपदफा १ बमोजिम बकैया गाउँपालिकामा सञ्चालन भएका योजना तथा कार्यक्रमको जाँचपास तथा फरफारक गर्न अध्यक्ष श्री दामोदर खनाल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको **जाँचपास तथा फरफारक समिति** गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

(क) संयोजक श्री दामोदर खनाल (अध्यक्ष, बकैया गाउँ कार्यपालिका कार्यालय)

(ख) सदस्य श्री सरला बोलखे (उपाध्यक्ष, बकैया गाउँ कार्यपालिका कार्यालय)

(ग) सदस्य श्री सुरेन्द्र प्रधान (प्रमुख प्रशासकीय अधिकृत, बकैया गाउँ कार्यपालिका कार्यालय)

(घ) सदस्य श्री वासुदेव फुँयाल (लेखा प्रमुख, बकैया गाउँ कार्यपालिका कार्यालय)

(ङ) सदस्य श्री दिपक राई (इन्जिनियर, बकैया गाउँ कार्यपालिका कार्यालय)

५. **वडाको भवन निर्माण सम्बन्धमा :-** वडा कार्यालयको भवन निर्माण गर्न वडाको केन्द्रको विवाद भए टुङ्ग्याई भवन निर्माण गर्न आवस्यक पर्ने जग्गाको व्यवस्था गरी वडा समितिको निर्णय सहित भवन निर्माणका लागि रकम मागको निर्णय २०७४ पौष १५ गते उपलब्ध गराउन वडाध्यक्ष ज्यूलाई जिम्मेवारी दिने र प्राप्त मागका आधारमा भवनको डिजाइन छनौट गरी आगामी बैठकमा बजेट स्विकृतिका लागि पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

६. **वडा स्तरिय अन्तक्रिया तथा समिक्षा कार्यक्रम सम्बन्धमा :-**गाउँ कार्यपालिका तथा वडा कार्यालयको सेवा प्रवाह सम्बन्धमा सम्बन्धीत वडामा रहेका राजनैतिक दल, संघ, संस्था, कार्यालय, विद्यालय तथा उपभोक्ता समितिका पदाधिकारीहरुबाट कम्तीमा २५ जना सम्बन्धीत वडा कार्यालयले आमन्त्रण गरी वडा स्तरमा अर्न्तक्रिया तथा समिक्षा कार्यक्रम तपसिल अनुसारको मिति, समय र स्थानमा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारी अधिकृतको उपस्थीतीमा सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

| मिति | स्थान | समय | कैफियत |
|---|---|---|---|
| २०७४ पौष ९ गते आइतवार | बकैया-३, हात्तिसुडे | विहान ८:०० बजे | |
| २०७४ पौष ९ गते आइतवार | बकैया-७, घमनटोल | दिनको १:०० बजे | |
| २०७४ पौष १० गते सोमवार | बकैया-५, राजदमार | विहान ८:०० बजे | |
| २०७४ पौष १० गते सोमवार | बकैया-६, जुनेलीवस्ती | दिनको १:०० बजे | |
| २०७४ पौष १२ गते बुधवार | बकैया-४, गरगरे | दिनको १:०० बजे | |

७. **कन्टीजेन्सी खर्च सम्बन्धी व्यवस्था सम्बन्धमा** :- गाउँ कार्यपालिकाले उपभोक्ता समिति वा ठेक्का मार्फत सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरुमा योजना व्यवस्थापनका लागि **३ (तिन)** प्रतिशत रकम छुट्याई तपसिलका क्रियाकलापमा खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

(क) आयोजनाको सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च,

(ख) समावेशी र सहभागितमुलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च,

(ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टसम्बन्धी खर्च,

(घ) कार्यक्रम वा आयोजनको सुपरिवेक्षण, अनुगमन, मुल्याङ्कन, जाँचपास र प्रतिवेदन सम्बन्धी खर्च,

(ङ) सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा पारदर्शिता र उत्तरदायित्व कायम गर्ने सम्बन्धी खर्च,

(च) उपभोक्ता समिति गठन, अभिमुखिकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

(छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरु,

(ज) गुणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

(झ) आयोजनासँग सम्बन्धीत सामाजिक परिचालन खर्च,

८. **सवारी साधन खरिद सम्बन्धमा सम्बन्धमा** :- बकैया गाउँ कार्यपालिकाको कार्यालयको लागि फोर व्हिल ड्राइभको पिक अप जीप एक वटा बढीमा ४० लाख रुपैयाँ सम्मको र गाउँ कार्यपालिका तथा वडा कार्यालयका लागि बढीमा १० वटा १५० सि.सि. सम्मको मोटरसाइकल प्रत्येकको बढीमा रु २ लाख ५० हजार सम्मको खरिद गर्न नियमानुसार खरिद प्रक्रिया अघि बढाउन खरिद समितिलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो । साथै सवारी चालक अनुमति प्राप्त गरेका वडाध्यक्ष वा वडाध्यक्षको सिफारिसमा सवारी चालक अनुमति प्राप्त वडा सचिवलाई वडा कार्यालयको कामकाजमा प्रयोग गर्न मोटरसाइकल उपलब्ध गराउने निर्णय गरियो ।

९. **बालमैत्री सूचक अवलम्बन गर्ने सम्बन्धमा** :- बकैया गाउँ कार्यपालिकाको नीती, बजेट तथा कार्यक्रमको बुँदा नं. ९ मा आगामी ३ वर्ष भित्रमा बालमैत्रीयुक्त गाउँपालिका घोषणा गर्न बालमैत्री कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने उल्लेख भएकोले यस गाउँपालिकालाई बालमैत्री बनाउन बालमैत्री सूचकहरु अवलम्बन गरी गाउँपालिका स्तरिय अभिमुखिकरण कार्यक्रम मिति २०७४ पौष १६ र १७ गते गाउँपालिकामा आयोजना गर्ने र सो कार्यक्रममा राष्ट्रिय स्तरको प्रशिक्षकलाई आमन्त्रण गर्ने तथा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक बजेट तथा कार्यक्रम स्विकृत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

१०. **श्वास्थ्य क्लिनिक सञ्चालन सम्बन्धमा** :- बकैया गाउँपालिका वडा नं. १,११, ६ र ७ मा श्वास्थ्य क्लिनिक सञ्चालन गर्न भर्ना गरिएको अहेव/अनमीको मासिक पारिश्रमिक रु १२,००० उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो ।

११. **हेभि इक्विपमेन्ट मेसिनको दररेट सम्बन्धमा** :- बकैया गाउँपालिकाका विभिन्न वडाहरुमा हेभि इक्विपमेन्ट मेसिनहरुको खाना खाजा इन्धन समेत प्रतिघण्टा अधिकतम बढीमा तपसिल अनुसार दररेटबाट बढी नहुने गरी बन जंगलको नोक्सान नहुने गरी भाडामा मेसिनको प्रयोग गर्न उपभोक्ता समितिलाई निर्देशन दिने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | इक्विपमेन्टको नाम | क्षमता | प्रति घण्टा |
|---|---|---|---|
| १ | एक्साभेटर ट्रयाक | ० देखी १५० हर्ष पावर सम्म | रु ३००० |
| २ | एक्साभेटर ट्रयाक | १५१ देखी २०० हर्ष पावर सम्म | रु ४००० |
| ३ | एक्साभेटर ट्रयाक | २०१ भन्दा बढी हर्ष पावर सम्म | रु ५००० |

| | | | |
|---|---|---|---|
| ४ | ब्याक हो लोडर | जेसीवि तथा अन्य | रु २३०० |
| ५ | ब्रेकर प्रयोग गरेमा माथीको रकमा थप | | रु १००० |

१२. **बजेट तथा कार्यक्रम संसोधन र बाँडफाँड सम्बन्धमा** :- बकैया गाउँपालिकाको गाउँ सभाबाट पारित तपसिलको बजेट तथा कार्यक्रमबाट देहाय बमोजिमका योजना तथा बजेट तथा कार्यक्रम संसोधन र बाँडफाँडहरु स्विकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

| क्र. सं. | कार्यक्रम वा आयोजनाको नाम | बजेट रकम (रु हजारमा) | योजनाको नाम | कार्यान्वयन स्थल | बजेट रकम (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | हात्तिसुडे शिखरपुर मन्थली सडक | १४००० | क. हात्तिसुडे शिखरपुर मन्थली सडक (पिठाकुँटी-आलेभन्ज्याङ्ग खण्ड) | बकैया-८ | ५००० |
| | | | ख. हात्तिसुडे शिखरपुर मन्थली सडक (हात्तिसुडे-पिठाकुँटी खण्ड) | बकैया-९ | ४००० |
| | | | ख. हात्तिसुडे शिखरपुर मन्थली सडक (आलेभन्ज्याङ्ग-मन्थली खण्ड) | बकैया-१० | ५००० |
| २ | शिक्षा प्रवर्धन तथा विकास पालिका स्तर | ४००० | क. छात्रवृत्ती वितरण कार्यक्रम | बकैया गा.पा. | ५०० |
| | | | ख. शिक्षा प्रवर्धन तथा विकास मौज्दात | | ३५०० |
| ३ | अन्य भौतिक पूर्वाधार विकास कार्यक्रम | ९७२५ | क. हात्तिसुडे दुग्ध सहकारी संस्था लि.(चिलिङ्ग भ्याट खरिद) | बकैया-३ | ५०० |
| | | | ख. हात्तिखोला दुग्ध सहकारी संस्था लि.( जनेरेटर खरिद) | बकैया-७ | ५०० |
| | | | ग. डाँफे बहुउदेश्यीय सहकारी भवन निर्माण (गत वर्ष भुक्तानी दिन बांकी समेत) | बकैया-९ | ४०० |
| | | | घ. आदर्श महिला सहकारी भवन निर्माण | बकैया-१२ | ४०० |
| | | | ङ. जुरेलीफाँट सिंचााई | बकैया-४ | १०० |
| | | | च. मुक्तानस्वारा सिंचाई | बकैया-४ | १०० |
| | | | छ. मन्डुमेवादमार सिंचाई | बकैया-६ | १०० |
| | | | ज. सामाजिक सेवा कार्यक्रम (औषधी उपचार) | गा.पा. | २०० |
| | | | ज. विगतमा निर्णय भएका योजनाहरु | | २१९० |
| | | | झ. अन्य भौतिक पूर्वाधार विकास कार्यक्रममा मौज्दात | | ५२३५ |

नोट : छात्रवृत्ती वितरण गर्दा तपसिलका बुँदाहरुलाई मूख्य आधार बनाई विपन्न वर्गका लागि छनौट गर्न मापदण्ड निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी दिने

(क) स्नातक तहमा अध्ययनरत छात्रछात्राहरुलाई रु ५ हजार,

(ख) डाक्टर, इन्जिनियर जस्ता प्राविधिक विषयमा स्नातक अध्ययनरत छात्रछात्राका लागि रु ३० हजार,

(ग) कृषि भेटेरेनरी जस्ता प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह अध्ययनरत छात्रछात्राका लागि रु १५ हजार र

(घ) एस. एल.सी. उत्तीर्ण गरी प्राविधिक एस.एल.सी. विषयमा अध्ययनरत छात्रछात्राका लागि रु १० हजार

१३. **<u>खानेपानी पाइप वितरण सम्बन्धमा</u> :-** मिति २०७४ साल श्रावण महिनामा आएको बाढी पहिरोबाट क्षति भएको खानेपानी योजनाबाट खानेपानीको पाइप माग भई आएकोमा अत्यावश्यक स्थानमा खानेपानी योजना मर्मत गर्नका लागि तपसिलका वडाहरुमा तपसिल अनुसारको पोलिथिन पाइप उपलब्ध गराउने र सो पाइप लिनका लागि सम्बन्धीत उपभोक्ताको समिति बनाई गाउँ कार्यपालिका कार्यालयमा पठाई दिन वडा कार्यालयलाई लेखि पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

| वडा नं. | पोलिथिन पाइपको साइज | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **द्दण/ज्ञण** | **द्दछ/ज्ञण** | **घद्द/ट** | **द्धण/ट** | **छण/ट** | **टघ/ट** | **जम्मा** |
| २ | | ६०० मिटर | ६०० मिटर | | | | १२०० मिटर |
| ४ | | | ८०० मिटर | ३०० मिटर | २०० मिटर | २०० मिटर | १५०० मिटर |
| ५ | | ४०० मिटर | ८०० मिटर | | | | १२०० मिटर |
| ६ | | ८०० मिटर | | ५०० मिटर | | | १३०० मिटर |
| ७ | | ६०० मिटर | ८०० मिटर | | | २०० मिटर | १६०० मिटर |
| ८ | | ३०० मिटर | | ५०० मिटर | २०० मिटर | | १००० मिटर |
| ९ | | ६०० मिटर | ८०० मिटर | | | | १४०० मिटर |
| १० | ३०० मिटर | | ८०० मिटर | | | | ११०० मिटर |
| ११ | ६०० मिटर | ६०० मिटर | | | | | १२०० मिटर |
| १२ | | ३०० मिटर | ४०० मिटर | | | | ७०० मिटर |
| अन्य | १२०० मिटर | ९०० मिटर | | | | | २१०० मिटर |
| **जम्मा** | **२१०० मिटर** | **५१०० मिटर** | **५००० मिटर** | **१३०० मिटर** | **४०० मिटर** | **४०० मिटर** | १४,३०० मिटर |

१४. **<u>मोवाइल सिम सम्बन्धमा</u> :-** बकैया गाउँ कार्यपालिकाका २० जना पदाधिकारीहरुलाई नेपाल टेलिकमको पोष्टपेड सिम उपलब्ध गराउने तथा अध्यक्ष उपाध्यक्षलाई रु १०००-१००० हजार तथा वडाध्यक्ष र कार्यपालिका सदस्यलाई रु ५००-५०० को मासिक रुपमा विल भुक्तानी गरिदिने सर्वसम्मतीले निर्णय गरियो ।

**आजको बैठक विहानको ११:३० बजे शुरु भई ४:३० बजे सम्पन्न गरियो ।**